# गौरीगंज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# गौरीगंज, झापा

## नीति तथा कार्यक्रम

**"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, व्यापारमा उन्नति :**
**पूर्वाधार विकाससहित गौरीगञ्जको समुन्नति"**

१. **वार्षिक बजेट तथा कार्यकम तर्जूमा गर्दा अवलम्बन गरिएका आधारहरु :**

वार्षिक बजेटको प्रक्षेपण तथा तर्जूमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, महालेखा परीक्षकबाट स्वीकृत एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र गौरीगञ्ज गाउँ कार्यपालिकाबाट स्वीकृत ऐन, नियमावली, स्थानीय राजश्व परामर्श समितिको सिफारिश तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदानलाई मुख्य आधार मानिएको छ ।

२. **अवलम्बन गरिएका प्रमुख नीतिहरु :**

- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यकम छनौट गरिनेछ ।
- यस गाउँपालिकाको गौरबका आयोजनाहरु छनौट गरी संचालन गरिनेछ ।
- गरीबी निवारणमा टेवा पुऱ्याउने योजनाहरुलाई कार्यकममा समावेश गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यकम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिएको छ ।
- गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न सहयोग पुग्ने योजनालाई प्राथमिकता दिने नीति लिएको छ ।
- बजेट तर्जूमा गर्दा विषय क्षेत्रगत बजेट सीमा निर्धारण गरी सोहीबमोजिम योजना छनौट गर्ने नीति लिएको छ ।
- भौतिक पूर्वाधारतर्फको योजनागत कार्यक्रमहरु (तेश्रो चौमासिकमा संचालन गरिने कार्यक्रमहरु) बैशाख मसान्तसम्म सम्झौता गरिसक्नु पर्ने व्यवस्थालाई कडाइको रुपमा लागू गरिनेछ । साथै संचालित योजनाहरु जेष्ठ मसान्तसम्म सम्पन्न गर्न प्रोत्साहित गरी आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरु संचालन गर्न निरुत्साहित गरिनेछ ।
- गौरीगञ्जमा रहेको छोटी भन्सारलाई स्तरोन्नती गरी विकास तथा विस्तार गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- गौरीगञ्ज गाउँपालिकाको विकास तथा निर्माणमा मुख्य पूर्वाधार विकासको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकाय र उपल्लो सरकारसँग आवश्यक व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।
- गौरीगञ्ज गाउँपालिकालाई आधुनिक नमूना शहर निर्माणको लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय इलाम, प्रदेश सरकार र सघीय सरकारसँग आवश्यक व्यवस्थापन तथा कार्य सञ्चालन गर्न अनुरोध गर्ने नीति लिइनेछ ।

## आर्थिक विकास नीति

### १. कृषि :

१.१ स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधिकरणमा जोड दिई आय आर्जन तथा रोजगारीका थप अवसरहरू सृजना गरिनेछ ।

१.२ वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साथै संघीय सरकारले निर्माण गर्ने भू-उपयोग नीतिको अवलम्बन गरिनेछ ।

१.३ सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइनेछ ।

१.४ प्रमुख उत्पादन सामग्रीहरू (उन्नत पशु, पंक्षी, माछा भूरा, रासायनिक मल एवं बीउ बिजन आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

१.५ स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गकै माग अनुसारका तालीम कार्यक्रममा विशेष जोड दिइनेछ ।

१.६ पशु, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै प्राङ्गारिक खेती **(Organic farming)** लाई प्रोत्साहन गरिनेछ ।

१.७ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनालाई विस्तार गरिनेछ ।

१.८ प्रदेश सरकारको नीति बमोजिम प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा संचालन गरिने एक स्थानीय तह एक उत्पादनलाई प्राथमिकता दिइनेछ ।

१.९ हरेक वर्ष प्रत्येक वार्डमा ५ जना उत्कृस्ट किसानलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१.१० सुख्खा जमीनमा सामुहिक सिचाईका उपकरण जडान गर्न अनुदानको व्यवस्था मिलाइने छ ।

१.११ कृषि मेला तथा प्रदर्शनीलाई प्रोत्साहित गरिने छ ।

१.१२ कृषि प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१.१३ गाउँपालिका स्थित कृषक समूहहरु दर्ता प्रोत्साहित गरी समुह कार्यको अनुगमन गरिने छ ।

१.१४ हाल संचालित स्थानीय हाटबजारलाई कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ ।

१.१५ कृषकहरुद्धारा उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य सहित अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरिने नीति लिइनेछ । साथै कृषि उपजको भण्डारणका लागि कोल्ड स्टोर निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

### २. पशु

२.१ व्यावसायिक पशुपालन व्यवसायमा जोड दिइनेछ ।

२.२ युवा लक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाखा, बंगुर, कुखुरा पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

२.३ नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासवाट कृषकमा आय आर्जन गरी आम्दानी बढाउन प्रोत्साहन गरिनेछ ।

२.४ चिस्यान केन्द्रहरु स्थापना गरी दुध तथा दुग्ध पदार्थको बजार सुनिश्चित गराउने कार्यक्रमहरुमा साझेदारी कार्यक्रम गरिनेछ ।

२.५ स्थानीय बजारमा स्वस्थ मासु पसल व्यवस्थापनका लागि बधशाला निर्माणलाई अगाडी बढाइनेछ ।

२.६ पशुपंछीपालन सम्बन्धी आवश्यक तालिम संचालन गरिनेछ ।

२.७ पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घासका विउ तथा विरुवा वितरण गरिदै लगिनेछ ।

२.८ पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ ।

२.९ प्रत्येक वडामा वर्षमा १ पटक पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

### ३. पर्यटन

३.१	यस गाउँपालिका भित्र निर्माण गर्न सकिने सिमसार क्षेत्रहरुको विकास गर्न आवश्यक पहल तथा विस्तृत अध्ययन गरिनेछ ।

३.२	यस गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्दन गर्ने कार्यलाई अगाडी बढाइनुका साथै गाउँ क्षेत्रभित्रमा महत्व राख्ने संस्थागत मठ मन्दिर, गुम्बाहरुको संरक्षण लगायत भौतिक पूर्वाधार विकासको कार्यलाई निरन्तर अगाडी बढाईनेछ ।

३.३	यस गाउँपालिका भित्र विस्तार गर्न सकिने पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवद्धन गर्दै पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ ।

## ४. उद्योग धन्दा :

४.१	जिल्ला घरेलु तथा साना उद्योग कार्यालयबाट दर्ता हुदै आईरहेको उद्योग दर्ता सम्बन्धी कार्य गाउँपालिकाबाट नै गर्नुपर्ने भएकोले उद्योगहरुको रेकर्डलाई अद्यावधिक गरिनेछ ।

३.२	दर्ता नभई संचालनमा रहेका उद्योग भए दर्ताको दायरामा ल्याइने छ ।

३.३	स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।

३.४	संघीय सरकारले अघि सारेको निजी क्षेत्रसंगको सहभागितामा उद्योग ग्राम स्थापनाका लागि सहजिकरण गरिनेछ ।

३.५	यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक सिप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरिने साथै सीप  र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ ।

## ५. सहकारी :

५.१	सहकारीको दर्ता तथा अनुगमन गर्ने दायित्व गाउंपालिकाको क्षेत्राधिकार भित्र आउदै गर्दा यस गाउँपालिका भित्र रहेका सबै सहकारीहरुको विवरण अद्यावधिक गर्ने र सहकारी ऐन तथा नियमावली निर्माण प्रकृयालाई अघि बढाइनेछ ।

५.२	एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिने छ ।

५.३	सहकारीलाई आवश्यक सिप क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।

**सामाजिक विकास नीति**

**१. शिक्षा**

१.१	सबै सामुदायिक विद्यालयमा अपांगता तथा बालमैत्री भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै अंग्रेजी माध्यमबाट पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१.२	बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको गठन तथा परिचालनमा जोड दिनेइछ ।

१.३	पठन पाठनलाइ प्रविधि मैत्री बनाउन जोड दिईनेछ  ।

१.४	विद्यालयमा बाल क्लब मार्फत विद्यार्थीहरुलाई खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागी गराउन विशेष महत्व दिइने छ ।

१.५	शिक्षामा पछाडी पारिएका विपन्न तथा जेहेन्दार क्याम्पस तहका २५ जना छात्राहरुलाइ साइकल   वितरण गरिनेछ ।

१.६	विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाइ समेत आधार बनाई पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

१.७	विद्यालयमा दिगो खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलव्धी बढाउन अनुकुल वातावरण बनाउने प्रयास गरिनेछ ।

१.८	समुदायिक विद्यालयका शिक्षकहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था मिलाइनेछ ।

१.९	सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिने छ ।

१.११ यस गाउँपालिकामा संचालित एक मात्र गौरीगंज बहुमुखी क्याम्पसलाई सक्षम बनाउन संचालन अनुदान उपलब्ध गराइनेछ ।

१.१२ आधारभूत तथा एस.इ.इ. परीक्षामा सर्वोत्कृष्ट हुने छात्रछात्राहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१.१३ गा.पा.स्तरीय आधारभुत तहको अन्तिम परीक्षा (कक्षा आठ) मा स्थानीय भाषा, सिप विकाससंग सम्बन्धित ७५ + २५ = १०० पूर्णांकको विषयको पाठ्यक्रम निर्माण गरी स्थानीय विषय समावेश गरिनेछ ।

१.१४ ६ वर्ष उमेर पुगिसकेका बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य भर्ना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.१५ प्रचलित शिक्षा ऐन तथा नियमावली उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा राख्ने नीति लिइनेछ ।

१.१६ प्रत्येक शिक्षकले त्रैमासिक वा चौमासिक रुपमा लिने परीक्षामा तोकिएको कुल पाठ्यभारमा आउने औषत पाठ्यभार अध्ययन अध्यापन गराइ सक्ने नीति अवलम्बन गरिनेछ ।

१.१७ सामुदायिक विद्यालयका बाल विकास केन्द्रका स.का. र विद्यालयका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप पोशाक भत्ता दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

## २ स्वास्थ्य :

२.१ सबै वडामा खोप केन्द्र निर्माणमा पहल गरिने छ ।

२.२ आवश्यकता अनुसार विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिने छ ।

२.३ विगतदेखि संचालन भएको स्वयंसेविका कोषलाई एकीकृत गरी उक्त कोषका लागि निश्चित रकमको व्यवस्था गरिनेछ ।

२.४ संघीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२.५ स्वास्थ्य तथा सरसफाई सम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदाय स्तरमा संचालन गरिने छ ।

२.६ ६० वर्ष पुरा भइ अवकाश प्राप्त गर्ने स्वयंसेविकाहरुलाई गाउँपालिकाको तर्फबाट रु २०,००० प्रदान गरिने छ ।

२.७ यस गाउँपालिकाको वडा नं. ६ स्थित प्राथमिक स्वास्थ्य केन्द्रको स्तर उन्नतिको साथै सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गर्ने र अन्य स्वास्थ्य चौकीहरुमा ल्याब संचालनका लागि पहल गरिने छ ।

२.९ यस गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको पहुच पुग्न नसकेका क्षेत्रहरुमा सामुदायिक स्वास्थ्य इकाई क्रमश स्थापनाका लागि पहल गरिनेछ साथै हाल वडा नं. ३ र ५ मा स्वास्थ्य चौकी स्थापनाको लागि जग्गाको व्यवस्थापन गरी सम्बन्धित निकायमा पहल गरिनेछ ।

२.१० स्वयंसेविकाहरुलाई प्रत्येक महिनाको बैठकमा सहभागि भएबापत  प्रति महिना रु. ३००।०० का दरले खाजा खर्च नगद नै उपलब्ध गराइनेछ । साथै यस गाउँपालिका क्षेत्रमा कार्यरत ४० जना स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन साइकल उपलब्ध गराइनेछ ।

२.११ मानसिक स्वास्थ्य र लागु पदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२.१२ पूर्ण खोपको सुनिश्चिततालाइ दिगो बनाइनेछ ।

२.१३ विद्यालयहरुमा किशोरी मैत्री विद्यालय कार्यक्रम संचालन गरिने छ ।

२.१४ स्वास्थ्य संस्थाहरुमा सुचिकृत अत्यावश्यक औषधिहरुको निरन्तर आपूर्ति गरिने छ । साथै सरकारद्धारा उपलव्ध गराइने निःशुल्क औषधीहरु बाहेकका अन्य औषधीहरु छुट मूल्य कायम गरी बिक्री वितरण गर्न प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२.१५ सामुदायिक स्वास्थ्य वीमा कार्यक्रमलाइ प्रभावकारी रुपमा लागु गरिने छ । विपन्न घरपरिवारहरुलाई साझेदारीको आधारमा स्वास्थ्य बीमा कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ ।

## ३. खानेपानी तथा सरसफाई

३.१ जीवनका लागि पानी भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा आवश्यक पहल गरिनेछ ।

३.२ गाउँपालिकामा बसोबास गर्ने सबै गाउँवासी लाई खानेपानीको सुविधा पुर्‍याउन, हाल संचालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाइनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका लागि केन्द्रिय स्तरमा वजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

३.३ मिति २०७५।३।३ गते यस गाउँपालिकालाई खुल्ला दिसामुक्त घोषणा गर्न सफल भएकोमा उक्त घोषणालाई दिगोपना कायम गर्न आवश्यक सरसफाई कार्ययोजना निर्माण गरी अघि बढिनेछ ।

३.४ फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरसफाई अभियान संचालन गरिनेछ । साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीति निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।

३.६ बजारमा संकलित फोहोरको उचित व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको लागि आवश्यक जग्गाको व्यवस्था गरिनेछ ।

**४. सस्कृति**

४.१ लोपोन्मुख भाषा, धर्म, सस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बा, मस्जिद, दिनाभद्री, महाराजथानको पूर्वाधार निर्माणमा सहयोग गरिनेछ ।

**५. लैंगिक समानता र सामाजिक समावेशिकरण**

५.१ जेष्ठ नागरिकको सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाद्धारा अन्य संस्थाको सहकार्यमा जेष्ठ नागरिक घुम्ती स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५.२ वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा वालवालिका लक्षित विभिन्न शैक्षिक, सामुदायिक तथा गैर सरकारी संघ संस्थाको सहकार्य र समन्वयमा समेत जोड दिइनेछ ।

५.३ महिलाको हक अधिकार र नेतृत्व विकासका लागि सिपमुलक तालिम, प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासंग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोड दिइनेछ ।

५.४ आदिवासी, जनजाती, दलित पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

५.५ वडा समिति मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरिक, दलित) का कार्यक्रमहरु र गाउँपालिकास्तरिय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५.६ अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि अन्य संघसंस्थासंग समन्वय गरी विभिन्न कार्यक्रम संचालन गरिने छ ।

५.७ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत स्थानीय स्तरमा वितरण हुने गरी व्यवस्थापनका लागि पहल गरिनेछ ।

**६. खेलकुद तथा मनोरञ्जन**

६.१ आधारभुत (प्रा.वि., आधारभुत नि.मा.वि.) र मा.वि. तहका विद्यार्थीहरुमा उमेर समुहगत खेलकुद कार्यक्रम संचालन गरी प्रतिभा छनौट गर्ने र छनौट भएका प्रतियोगी खेलाडीहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

६.२	यस गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६.३	मार्शल आर्ट क्षेत्रको खेलमा प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ नागरिक उत्पादन गर्न वार्षिक रुपमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

६.४	युवा वर्गलाई लक्षित गरी विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

६.५	प्रत्येक वडामा खेलकुद मैदानको व्यवस्थापन गर्दै गाउँपालिकास्तरीय एक स्टेडियम (रंगशाला) बनाउने नीति लिइनेछ ।

## पूर्वाधार विकास क्षेत्र

### १. सडक तथा पुल

१.१	गौरीगंज गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका  पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

१.२	विगतमा स्तरोन्नति भइसकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रेको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१.३	गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।

१.४	कच्ची सडकहरुमा प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछ्याउने काम गरिने छ ।

१.५	विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरोन्नति गरिने छ ।

१.६	उपरोक्त कामका लागि निम्न बमोजिम बाटोको चौडाई निर्धारण गरिएको छ ।

| | |
|---|---|
| कालोपत्रेको लागि न्युनतम चौडाई | ४० फुट |
| स्तरोन्नतिको लागि न्युनतम चौडाई | ३० फुट |
| ग्राभेलको लागि न्युनतम चौडाई | २० फुट |

(विद्यमान परिस्थितिलाई ध्यानमा राखी उक्त नीतिलाइ गाउँपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । )

१.७	उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा कम्तिमा १० प्रतिशत नगद र १० प्रतिशत श्रम सहभागिता अनिवार्य गरिनेछ ।

१.८	निर्माणाधीन ठुला पुल, कल्भर्ट सम्पन्न गर्न सम्बन्धित निकायमा ध्यानाकर्षण गरिने छ ।

१.९	सानातीना कल्भर्ट निर्माणको लागी गाउँपालिका बाट बजेटको व्यवस्था गरि प्राथमिकताका आधारमा क्रमशः निर्माण गरिने छ ।

१.१०	ह्यामपाईपको अभावमा बाटाहरुमा आवागमनमा समस्या रहेकोले ह्यामपाईप खरिद गरि क्रमशः आवश्यकता पुरा  गर्दै लगिनेछ ।

१.११	आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।

१.१२	दुई लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होडिंग बोर्ड) अनिवार्य राख्नुपर्नेछ ।

### २. भवन तथा शहरी विकास

२.१	गाउँपालिका क्षेत्रमा नयां घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्नुपर्नेछ ।

२.२ यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अर्न्तगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।

२.३ गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण, जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बडाईनेछ साथै जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।

२.४ यस गाउँपालिकालाई नमुना शहर निर्माणका लागि संघीय सरकारबाट विस्तृत सर्वेक्षण कार्य भैरहेको र उक्त सर्वेक्षणको प्रतिवेदनका आधारमा शहरी पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

२.५ यस गाउँपालिका क्षेत्रमा अतिथि सदन निर्माणका लागि विस्तृत सर्भे गरी बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

२.६ गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी प्रदेश तथा संघीय सरकारसंग बजेट व्यवस्थाका लागि पहल गरिनेछ । साथै अन्य सामाजिक संघसंस्थाहरुको भवन निर्माणमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२.७ अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरिरहेका अति विपन्न सुकुम्बासी, अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ ।

## ३. उर्जा तथा विद्युत :

३.१ विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरिने छ । विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई अघि बढाइनेछ ।

३.२ विद्युत विस्तार हुन बाँकी ठाउमा विधुतीकरणका लागि विद्युत प्राधिकरणसंग पहल गरिने छ । उक्त ठाउहरुमा विधुत कार्यालय संग समेत साझेदारी कार्यक्रम संचालन गरिने छ ।

३.३ सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसंगको सहकार्यमा संचालन गरिने छ ।

### ४. सञ्चार

४.१ स्थानीय पत्रपत्रिका तथा संचार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलव्ध गराइनेछ ।

४.२ गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको webside, Mobile Apps तथा चौमासिक रुपमा बुलेटिन प्रकाशन गरी सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

### वन वातावरण तथा विपद व्यवस्थापन

१.१ पर्यावरणीय महत्व बोकेको यस गाउँपालिकाका महत्वपुर्ण नदिहरु रतुवा, रामचन्द्रे, गेउरिया, लेहेरा, लालगौरिया, किस्नी, कमल, बनियानी र कन्काई खोलाको नियन्त्रण, ठुला नदि किनारमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ भने तटबन्ध निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग बजेट विनियोजन गर्न आवश्यक पहल गरिनेछ ।

१.२ विपद्बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ साथै यस गाउपालिकास्तरमा रेडक्रस उपशाखा निर्माणका लागि पहल गरिनेछ ।

१.३ ग्रामिण क्षेत्र भएकाले गाउँवासीहरुको स्वास्थ्यमा ध्यान पुर्याउदै वायो ग्यास, वैकल्पिक उर्जाको प्रर्वद्धनमा जोड दिइने छ ।

### सूशासन तथा संस्थागत विकास

१.१ जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१.२ आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र गाउँवासीलाई छिटो, छरितो, सरल र प्रभावकारी ढंगले सेवा सुविधा उपलव्ध गराउन सकिन्छ भन्ने विश्वासका साथ गाउँपालिकामा व्यवस्थित र प्रणालीगत प्रशासनिक संरचनाको निर्माण सहित कर्मचारीहरुको व्यवस्था गरि प्रभावकारी कार्य विभाजनलाई सुनिश्चता गरिनेछ । गाउँपालिका भित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन गर्न सम्बन्धित निकायहरुसंग पहल गर्ने र पदपूर्तिको माध्यमबाट करार र ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ । साथै योग्यता, क्षमता र उत्कृष्टताको आधारमा पदस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१.३ अनुभवी क्षमतावान र स्वयंम उत्प्रेरित कर्मचारी विना गाउँवासीले चाहे जस्तो प्रभावकारी र अनुभूति जन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकाले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधि युक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भइ काम गर्ने कर्मचारीलाई प्रोत्साहन तथा अनुशासनहिन काम र गल्ति गर्ने कर्मचारीलाई सचेत गराउदै निरुत्साहित, दण्डित गरिने नीति अवलम्बन गरिनेछ ।

१.४ वडा कार्यालयहरुको आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।

१.५ गाउँपालिकावाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरु लाइ पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइने छ ।

१.६ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरवाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१.७ वडा कार्यालय संचालनका लागि निश्चित सिलिङ्ग सहितको बजेट व्यवस्था गरिनेछ ।

१.८ यस गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने १ जना कर्मचारीलाइ हरेक वर्षको गाउँ सभामा पुरस्कृत गरिने छ । साथै कर्मचारी हरुका अन्य सेवा सुविधा स्थानीय तहको क्षमता अनुसार उपलव्ध गराउने नीति लिइनेछ । करारतर्फका कर्मचारीहरुलाई समेत पोशाक तथा चाडपर्व खर्चको व्यवस्था गरिनेछ ।

१.९ गाउँपालिका भित्रको सवै विवरण दुरुस्त राख्न गाउँ प्रोफायल तयार गरिने छ ।

१.१० प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी विचमा आपसी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

१.११ प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

१.१२ प्रभावकारी वित्तिय व्यवस्थापनका लागि कम्प्यूटराइज लेखा प्रणाली व्यवस्थित गरिनेछ ।

१.१२ यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयह्रु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतिय हाजिरीको व्यवस्था गरिनेछ ।

**राजस्व नीति**

१. आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाइने छ ।

२. गाउंपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन नियममा भएको व्यवस्थालाई अवलम्बन गरिनेछ ।

३. करको दायरालाई फराकिलो बनाई दरलाई समयसापेक्ष समायोजन गर्दै लगिनेछ । साथै करको चुहावटलाई नियन्त्रण गरिनेछ ।

४. दिगो श्रोत व्यवस्थापन गर्न नयाँ श्रोतको पहिचानका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

५ करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ ।

६ दोहोरो कर प्रणाली हटाई एकद्धार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवबलम्बन गरिनेछ।

८ आ.ब. २०७५/०७६ देखि एकीकृत सम्पत्ति कर लागु गर्ने उल्लेख भएपनि संघीय सरकारको बजेटबाट भएको व्यवाधान तथा गाउँपालिकाको आन्तरिक तयारी न्यून भएको कारण विगत देखि नै प्रचलनमा रहेको मालपोत तथा घरजग्गा कर (धुरीकर) नै असुल उपर गरिनेछ।

९ कानून बमोजिमबाहेक कर, राजश्व संकलन गरिने छैन।

| क्र.स. | कार्यक्रम | ईकाइ | परिणाम | दर | बजेट रकम |
|---|---|---|---|---|---|
| **१** | **बागवानी बिकास कार्यक्रम** | | | | |
| १.१ | ग्रिन टनेल अनुदानमा बितरण | वटा | ४० | २०००० | ८००,०००\|०० |
| १.२ | तरकारि सिडकिट बितरण | प्याकेट | ५०० | २०० | १००,०००\|०० |
| १.३ | बर्षे फलफुल बिरुवा अनुदानमा बितरण | वटा | | | ५०,०००\|०० |
| १.४ | बगर खेतिमा वीउ तथा कृषि सामाग्री बितरण | केजी | | | १५०,०००\|०० |
| **२.** | **कृषि औजार उपकरण बितरण कार्यक्रम** | | | | |
| २.१ | 18 एच पि पावर टिलर ५०%अनुदानमा बितरण समुहमा | वटा | १२ | १००००० | १,२००,०००\|०० |
| २.३ | मकै रोप्ने मेसिन ५०% अनुदानमा बितरण | वटा | २८ | २००० | ५६,०००\|०० |
| २.४ | साना सिंचाइ मोटर बितरण प्रति २ विद्या जमिनमा १ थान | वटा | ४० | २४००० | ९६०,०००\|०० |
| २.५ | धान सूकाउने मेशिन ५०% अनुदान (साझेदारी) | वटा | २ | ६००००० | १,२००,०००\|०० |
| ३. | **बाली सरक्षण कार्यक्रम** | | | | |
| ३.१ | प्राङ्गारीक तरकारी खेती अनुदान (वडा नं. २,४ र ५ मा संचालन गर्ने) | वटा | ६ | ५०००० | ३००,०००\|०० |
| ३.२ | च्याउको बीउ अनुदानमा बितरण -(प्लाष्टिक झोला सहित) | प्याकेट | ९०० | ५० | ४५,०००\|०० |
| ३.३ | स्प्रेटंकी अनुदानमा बितरण ५० प्रतिशत (पावर स्प्रे ट्यांकी) | वटा | ३५ | २५०० | ८७,५००\|०० |
| ३.४ | जैबिक बिषादी अनुदानमा बितरण | जना | ५० | ५००० | २५०,०००\|०० |
| ३.५ | जनचेतनामुलक होडिङ्ग बोर्ड प्रर्दशन | वटा | ७ | १०००० | ७०,०००\|०० |
| ३.६ | प्राङ्गारीक बिषादी निर्माण प्रर्दशन | वटा | १० | १०००० | १००,०००\|०० |
| **४** | **माटो सुधार कार्यक्रम** | | | | |
| ४.१ | कृषि चुना अनुदानमा | मे. ट. | ४२ | ७००० | २४९,०००\|०० |
| ४.२ | माटो शिविर संचालन | वटा | २ | ३०००० | ६०,०००\|०० |
| ४.३ | भकारो सुधार कार्यक्रम | वटा | १८ | १५००० | २६०,०००\|०० |
| ४.४ | गड्यौले मल निर्माण प्रर्दशन | वटा | ६ | १०००० | ६०,०००\|०० |
| ४.५ | माटो परिक्षणको लागी पी.एच मिटर खरिद | वटा | १ | ३०००० | ३०,०००\|०० |
| **५** | **बालि बिकाश कार्यक्रम** | | | | |
| ५.१ | बिज बृद्धी धान | हे. | १० | ५००० | ५०,०००\|०० |
| ५.२ | बिज बृद्धी आलु | हे. | ६ | २५००० | १५०,०००\|०० |
| ५.३ | धान बिउ किट बितरण चैते | प्याकेट | ६०० | २६५ | १५९,०००\|०० |
| ५.४ | धान वीउ किट बितरण बर्षे | प्याकेट | ६०० | २६५ | १५९,०००\|०० |
| | मौरी पालन अनुदान कार्यक्रम | | ४ | २५००० | १००,०००\|०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | **कृषि प्रसार कार्यक्रम** | | | | |
| ६.१ | घुम्ती स्थलगत तालिम | पटक | १० | ६००० | ६०,०००।०० |
| ६.२ | बगाहा चैधरी बजारमा प्राङ्गगारीक तरकारी स्टल निमार्ण | पटक | १ | २००००० | २००,०००।०० |
| ६.३ | बगाहा चौधरी बजारमा रहेको संकलन केन्द्रका लागि सामाग्री खरिद | | १ | ५०००० | ५०,०००।०० |
| ६.४ | कार्यक्रम अनुगमन | पटक | ३ | २०००० | ६०,०००।०० |
| ६.५ | गा.पा.स्तरीय २ दिने अगुवा कृषक तालिम | पटक | २ | ७५००० | १५०,०००।०० |
| ६.६ | कृषि मेला प्रदर्शनी | पटक | १ | १५०००० | १५०,०००।०० |
| ६ .७ | इन्धन खर्च | आ. अ. | आ. अ. | २९५०० | २९,५००।०० |
| ६ .८ | माछा भूरा वितरण | | | | १००,०००।०० |
| ६ .९ | प्रस्ताबनामा आधारीत कार्यक्रम कृषक समुह | वटा | ६ | ५०००० | ३००,०००।०० |
| ६ .१० | कृषक पुरस्कार | | | | २००,०००।०० |
| ६ .११ | खाद्दान्य परिकार तयार गर्ने तालिम | | २ | १००००० | २००,०००।०० |
| ७. | **प्रधानमन्त्री कृषि आधूनिकीकरण परियोजना** | | | | |
| ७ .१ | पकेट विकास कार्यक्रम (प्रदेश सरकारबाट कायक्रम बजेट प्राप्त भएपछि बाडफाड गर्ने) | | | | ६००,०००।०० |
| | **जम्मा** | | | | **८,७४५,०००।००** |

पशू विकास कार्यक्रम

| **क्र.स.** | **कार्यक्रम** | इकाई | परिमाण | दर | बजेट रकम |
|---|---|---|---|---|---|
| १ | **युवा स्वरोजगार कार्यक्रम** | | | | |
| १ .१ | साना तथा मझौला गाइ भैसी फर्म (प्रथम १५0000, दोश्रो १00000 र तेश्रो ७0000) | 3 | | | ३२०,०००।०० |
| २. | **पशुपंक्षी बजार प्रबर्दन** | | | | |
| २ .१ | मासु पसल (फ्रेस हाउस) सुधार कार्यक्रम | संख्या | २ | ५०००० | १००,०००।०० |
| २ .३ | सचेतना अभिवृद्दि तालिम कार्यक्रम (समस्यामा आधारित) | | | | १००,०००।०० |
| २ .४ | पशूपक्षी बिमा सम्बन्धी तालिम कायक्रम | | | | ४०,०००।०० |
| २ .५ | घासेबाली सम्बन्धी तालिम | | | | ६०,०००।०० |
| २ .६ | बाझोपन तथा नश्ल सूधार सम्बन्धी तालिम | | | | ६०,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ .७ | चिलिङभ्याट अनुदान (५०० लिटर), जेनरेटर सहित | | २ | ३००००० | ६००,०००।०० |
| २ .८ | च्यापकटर मेसिन खरिदमा अनुदान | संख्या | ७ | १५००० | १०५,०००।०० |
| २ .९ | मिल्क क्यान खरिदमा अनुदान | संख्या | १५ | ५००० | ७५,०००।०० |
| २ .१० | बाख्रा पालन कार्यक्रम साझेदारी | संख्या | ४ | ५०००० | २००,०००।०० |
| ३. ११ | बंगुर पालन कार्यक्रम साझेदारी | संख्या | ४ | ५०००० | २००,०००।०० |
| ३. १२ | कुखुरा पालन कार्यक्रम साझेदारी | संख्या | ४ | ५०००० | २००,०००।०० |
| ३ | **जैविक सुरक्षा मिनिरल साथै विउमा अनुदान (गाई, भैसी, बंगुर)** | | | | |
| ३.१ | ५ माउ देखी १० माउ सम्म | संख्या | ६ | १५००० | ९०,०००।०० |
| ३ .२ | १० माउ देखी १५ माउ सम्म | संख्या | ३ | २०००० | ६०,०००।०० |
| ३ .३ | बाख्रा / भेडा १० माउँ भन्दा माथी | संख्या | २ | २०००० | ४०,०००।०० |
| | **नोटः सुधारिएको गोठमा व्यवस्थीत गरी पालेको हुनुपर्ने छ। खुला छाडा चरनमा छाडिएकोलाइ अनुदान दिइने छैन।** | | | | |
| | **कुखुरा/हाँस/टर्की** | | | | |
| ३. ४ | २०० देखी ५०० सम्म | संख्या | २० | १०००० | २००,०००।०० |
| ३. ७ | बोयर खरिदमा अनुदान | संख्या | ६ | ३०००० | १८०,०००।०० |
| ४. | पशुअहारा सेवा कार्यक्रम | | | | |
| ४. १ | हिउँदे घाँसको विउ वितरण साझेदारी | संख्या | | | ७२,०००।०० |
| ४. २ | हिउँदे घाँसको मिनि किट वितरण | संख्या | | | ७२,०००।०० |
| ४. ३ | वर्षे घाँसको विउ वितरण साझेदारी | संख्या | | | ४५,०००।०० |
| ४. ४ | वर्षे घाँसको मिनि किट वितरण | संख्या | | | ४५,०००।०० |
| ५. | **पशु स्वास्थ्य नियमन कार्यक्रम** | | | | |
| ५. १ | प्राथमिक उपचार सेवा | संख्या | | | १००,०००।०० |
| ५. २ | पशु स्वास्थ्य रोग निदान | संख्या | | | ३५,०००।०० |
| ५. ३ | भ्याक्सिन खरिद र पारिश्रमिक सेवा | | | | २४०,०००।०० |
| ५. ४ | पशू स्वास्थ्य शिविर | | ६ | ७५००० | ४५०,०००।०० |
| ६ | **अन्य कार्यक्रम** | | | | |
| ६. १ | प्रोफायल तयार पारेर प्रकाशन गर्ने | संख्या | १ | २५००० | २५,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. २ | संचालित कार्यक्रम अनुगमन तथा मुल्याङ्कन | संख्या | ६ | १०००० | ६०,०००।०० |
| ६. ३ | इन्धन | | | | ३१,०००।०० |
| ६. ४ | कन्टेनर ३० लिटर खरिद | | १ | १००००० | १००,०००।०० |
| ६. ५ | रेफ्री खरिद २ लिटर | | १ | ४०००० | ४०,०००।०० |
| ६. ६ | पशुबधशाला निर्माण, गौरीगंज ३,६ | | | २०००००० | २,०००,०००।०० |
| | **जम्मा रकम** | | | | **५,९४५,०००।००** |

पर्यटन विकास कार्यक्रम

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|
| १ | प्रणामी मन्दिर निर्माण | वडा नं. १ | १००००० |
| २ | साना किसान अगाडी महाराजथान घेराबेरा | वडा नं. १ | १५०००० |
| ३ | सत्सग मन्दिरको गेट निर्माण (भाकुरमारी) | वडा नं. २ | १००००० |
| ४ | बगााहा चौधरीको महाराजथान घेराबेरा | वडा नं. २ | २००००० |
| ५ | वृद्धआश्रम सत्सग मन्दिर | वडा नं. २ | १००००० |
| ६ | अल्तावारीको दुर्गा मन्दिरको छठ ढलाई | वडा नं. ४ | २००००० |
| ७ | अल्तावारीको जयगुरु मन्दिर घेराबेरा | वडा नं. ४ | १००००० |
| ८ | कालि मन्दिर घेराबेरा | वडा नं. ५ | १००००० |
| ९ | लक्ष्मीनारायण मन्दिर, जनता चौक | वडा नं. ५ | २५०००० |
| १० | सतसंग मन्दिर (हरिरा) | वडा नं. ५ | १००००० |
| ११ | हनुमान मन्दिर, डउवाबारी सुकुम्बासी | वडा नं. ६ | १००००० |
| १२ | कोरोबारी सिमसार निर्माण | वडा नं. २ | १०००००० |
| | | | २५००००० |

उद्योग तर्फ

| क्र.सं. | **कार्यक्रम** | **संख्या** | **दर** | **रकम** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | **गाउंपालिकाबाट प्रशिक्षित तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई व्यवसाय प्रर्वद्धन कार्यक्रम** | १० | ५०००० | ५००,००० |

गाउंपालिकाद्धारा प्रदान गरिएका तालिमहरुमा सहभागी प्रशिक्षार्थीहरुलाई आफूले प्राप्त गरेको सिपलाई व्यवसायतर्फ उन्मुख हुन चाहने प्रशिक्षार्थीहरुलाई प्रोत्साहन स्वरुप अनुदान उपलव्ध गराउने तर यसका लागि अनिवार्य व्यवसाय दर्ता गर्नुपर्नेछ ।

## सहकारी विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | सहकारी लेखापालन तालिम (६ दिने) | १००००० |
| २ | सहकारी व्यवस्थापन तालिम (६ दिने) | १००००० |
| ३ | सहकारी सचेतना कार्यक्रम ३ दिने | ६०००० |
| ४ | सहकारी शिक्षा पुर्व सहकारी शिक्षा | ३०००० |
| ५ | पल्स, Police, Plan | १००००० |
| ६ | अनुगमन प्रति संस्था १००० का दरले | ६०००० |
| ७ | अर्न्तक्रिया गोष्ठी | ५०००० |
| | जम्मा रकम | ५००००० |

## स्वास्थ्य विकास कार्यक्रम

| **क्र.सं.** | **विवरण** | **इकाई** | **दररेट** | **जम्मा रकम** |
|---|---|---|---|---|
| १ | स्वास्थ्य स्वयंसेविकाहरुलाई बैठक खाजा खर्च (नगद) | ४८० | ३०० | १४४००० |
| २ | स्वास्थ्य संस्थाहरुको लागि उपकरण खरिद | | | १००००० |
| ३ | स्वास्थ्य शिविर संचालन | ४ | ५०००० | २००००० |
| ४ | विद्यालयहरुमा Oral Health तथा कान सम्बन्धी शिविर संचालन | १० | १५००० | १५०००० |
| ५ | स्वास्थ्य स्वयंसेविकाहरुलाई साइकल खरिद | ४० | ७५०० | ३००००० |
| ६ | प्रा.स्वा केन्द्र, खजूरगाछी र स्वा.केन्द्र, गौरीगंजमा फर्निचर तथा अन्य सामाग्री खरिद | | | ५००००० |
| ७ | ल्याब सामाग्री खरिद तथा संचालन (महाभारा) | | | १५०००० |
| ८ | ल्याब असिष्टेन्ट करार सेवा | ८महिना | १५००० | १२०००० |
| ९ | सि.एम.ई. सन्चालन स्वास्थ्यकर्मीको लागि तालिम सम्बधित विशेषज्ञहरुबाट | ५ | २५००० | १२५००० |
| १० | नर्सिंग स्टाफहरुलाई पुर्नताजगी तालिम | १ | ५०००० | ५०००० |
| ११ | स्वास्थ्य केन्द्रमा फार्मेसी संचालन | | | ५००००० |
| १२ | स्वास्थ्य कर्मचारीहरुलाई Oral Health सम्बन्धी तालिम | | | १६१००० |
| | | | | २५००००० |

## खानेपानी तथा सरसफाई कार्यक्रम

(क) खानेपानी संरचना निर्माण

| क्र.सं. | कार्यक्रम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | खानेपानी आयोजनाको पाइप विस्तार | | ४००००० |

(ख)सरसफाई संरचना निर्माण तथा पुर्ण सरसफाई

| | | | |
|---|---|---|---|
| १ | बगाहा चौधरी बजारमा सार्वजनिक शौचालय | २ | ३००००० |
| २ | गौरीगंज बजारमा सार्वजनिक शौचालय निर्माण | ३ | ४००००० |
| ३ | नयां बजारमा सार्वजनिक शौचालय निर्माण | ४ | ३००००० |
